# लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.

काठमाडौं १०, बिनायकनगर, बानेश्वर

## पाँचौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/०१

यस लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०८०/०८/२७ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको पाँचौं वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल पुष २७ गते शुक्रबार (जनवरी १२, २०२४)

समय : बिहान ११:०० बजे ।

स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं ।

**छलफलका बिषयहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. संस्थापक समूह क बाट प्रतिनिधित्व गर्ने ६ जना सञ्चालक मध्ये नेशनल हाइड्रो पावर कम्पनी लि.बाट प्रतिनिधित्व गर्ने ४ जना र बाँकी रहेका शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

५. सर्वसाधारणलाई शेयरको प्रारम्भिक निष्काशन जारी गर्ने सम्बन्धमा ।

६. विविध ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू**

१. लेखा परिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने व्यहोरा अनुरोध छ ।

२. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कम्पनी कानून बमोजिम तोकेको ढाँचाका प्रतिनिधि–पत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कार्यालयको समय भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

३. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यँहा राखिने हाजिरी पुस्तिका दिउँसो १०:०० बजेबाट खुल्ला गरिनेछ ।

४. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायकनगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।